गाउँपालिका अध्यक्ष श्रीमान् ठान बहादुर रोकायाज्यूले

सर्केगाड गाउँसभामा प्रस्तुत गर्नु भएको

सर्केगाड गाउँपालिका सरकारको आर्थिक बर्ष २०७९।८० को

# नीति तथा कार्यक्रम

सर्केगाड गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलाय

सर्केगाड हुम्ला

गाउँसभाका उपाध्यक्ष ज्यू,

सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु

सभाका सचिब ज्यू तथा सवै राष्ट्रसेवक कर्मचारीहरु

सचारकर्मी तथा पत्राकार ज्यूहरु

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथिहरु

यस सर्केगाड गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० को लागि सर्केगाड गाउँपालिकाको नीति तथा कार्यक्रम गाउँपालिकाको अध्यक्षको हैसियतमा यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।हामीले यस सम्मानीत गाउँसभामा हाम्रो कार्यकालको पहिलो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर पाएका छौ ।

यसै क्रममा,नेपालमा संघीय लोकतान्तिक गणतन्त्र नेपाल स्थापना पछि गठित दोस्रो स्थानीय सरकारका रुपमा हामी सवै जनप्रतिनिधिज्यूहरुलाइ आफ्नो अमुल्य जनमत दिइ  निर्वाचित गराउनु हुने सम्पूर्ण मतदाता , गाउँपालिका निबासी आमा बुवा,दिदीबहिनी तथा दाजुभाइलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

नेपाली जनताको त्याग र  बलिदानीपूर्ण आन्दोलनहरुको उपलब्धि स्वरुप प्राप्त सविधानसर्भाद्धारा निर्मित नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी शासकीय सत्तालाइ जनताको घरदैलोमा पुर्‍याएको छ । नेपालको संघिय लोकतान्तिक गणतन्त्र सार्वभौम जनताको अधिकार जनतालाइ नै प्रदान गरी उनीहरुको शासकीय प्रबन्ध स्वयंमबाट नै गराइने शासकीय पद्धती हो । अधिकार सम्पन्न स्थानीय सरकारको व्यवस्थाले प्रत्येक नागरिकलाइ शासन प्रणालीमा प्रत्यक्ष रुपमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरेको छ ।

यस अवसरमा नेपालमा प्रजातन्त्र ,बहुदलीय व्यवस्था र सङ्घीय लोकतान्तिक गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा जीवन

उत्सर्ग गर्नहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान गर्दछु ।

म गाउँपालिकावासी प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक गाउँपालिकालाई समृद्ध र सुखि गराउनुको साथै नागरीकहरुको शिक्षा ,स्वास्थ्य,रोजगार जीवन स्तरमा सुधार गरी सहज जीवन यापन गर्न पाउनु पर्ने अधिकारको सुनिश्चित गर्दै गाउँपालिका वासिको अमुल्य मतदानवाट प्राप्त जिम्वेवारी प्रति म सधैँ सचेत छु।

अगामी ५ वर्ष भित्र समृद्ध र नमुना गाउँपालिका बनाउने दृष्टिकोण यस गाउँपालिकाको रहेको छ भने आन्तरीक आम्दानीलाई सवल बनाउदै प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोगका माध्यमबाट गाउँपालिकाको समग्र पक्षको विकास गर्ने प्रतिवद्धता पेश गर्न चाहन्छु ।

यस गाउँपालिकामा शान्ति,विकास,समृद्धि र शुशासन कायम गरी नागरिकको जिवनस्तरमा गुणात्मक सुधार ल्याउन यातायात,संचार,कृषी,पशु,पर्यटन,वन र पूर्वाधार,सर्केगाड गाउँपालिकाको विकासको आधार" भन्ने अभियानलाइ आत्मसात गरी अघि बढिरहनेछौँ भने " शिक्षा स्वास्थ्य,उद्यमशिलता र रोजगार,सर्केगाड गाउँपालिकाको विकास र समृद्धिको आधार" भन्ने मुल अभियानका साथ देहाय बमोजीमका नीतिहरु यस गरीमामय गाउँसभा समक्ष पेश गर्न गईरहेको छु।

गाउँगाउँमा स्थानीय सरकार आएपश्चात जनताहरुमा विकासका अपेक्षा धेरै छन् । तर सवै विकास तथा अपेक्षा एकै पटक पुरा गर्न भने असम्भव हुन्छ।यसर्थ आवश्यकता प्राथमीकता,सम्भाव्यता ,औचित्यताका साथसाथै बजेटको सीमितताका विचबाट विकासको बाटो पहिल्याउने मुल उदेश्यले मैले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

गाउँसभाका सदस्यज्यूहरु

सर्केगाड गाउँपालिकाको भूगोल र यहाँका आदारणीय जनसमुदायलाई केन्द्रमा राखी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु । सर्केगाड गाउँपालिकाको पहिलो प्राथमिकता शिक्षा, स्वास्थ्य,उद्यमशीलता,यातायात र स्वरोजगार रहेको छ । यसका लागि पूर्वाधार विकास, सामाजिक विकास, कृषि-पशु-वन-जल तथा खानीजन्य उत्पादन र उद्योग, पर्यटन र वातावरण, विज्ञान प्रविधि र नव-प्रवर्तन, डिजिटल सर्केगाड र सुशासनमा जोड दिएको छु ।

अव म यस गरिमामय गाउँसभामा क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क)आर्थिक विकास

*१) कृषि तथा पशुपालन नितिः*

1. गाउँपालिका भित्रका किसानहरुको जिवनस्तर सुधार गर्नको लागि एक गाउँ एक उत्पादन कार्यक्रम लागु गरिनेछ ।
2. कृषिको आधुनिकीकरण,यान्त्रिकरण,प्रशोधिकरण व्यवसायीकरण र वजारीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिइने छ ।
3. पशुपालनलाई प्रोत्साहन दिदै हरेक गोठलाई मल कारखानाको रुपमा उपयोग गरी जैविक मलको व्यवस्था गरिने छ ।
4. रैथाने बाली संरक्षण गर्न गाउँ गाउँका कृषि सहकारीलाई बिउ बैंक संकलन तथा बिक्री केन्द्रको रुपमा विकास गरिनेछ ।
5. किसानहरुलाई सम्बन्धित वडा कार्यालय मार्फत आधुनिक बिउ विजन उपलब्ध गराइनेछ ।
6. परम्परागत कृषिबाट आधुनिकता तिर लान कृषि वाली तथा फलफुल पकेट क्षेत्रहरु निर्धारण गरि विकास गरिनेछ । माटो सुहाउँदो खेतीका लागि तुम्चमा धान,केरा, कपास, जैरमा कपास, ओखर, रिप-उनापानीमा स्याउ, सिमी, आलु, ओखर, भेडाबारव्रा, बराइ-छ्यागीमा चिनु, कोदो, कागुनी, भेडाबारव्रा तथा

जुमापालन, साँया-दुल्ली-मुन्डीमा धान, बदाम, सुर्सानी, कपास, भैसी, माछा, गोठीमा मकै, माछा, भुवा-कल्लासमा स्याउ, ओखर, भेडापालन-जुमापालन, रोडिकोट-पानीमुल-भीमनगरमा धान, जौ, आलु, भेडाबाख्रा-जुमापालन र रादेउ-फुचामा फापर, जौ उवा, सिमी, मास्र्या, आलु, ओखर र स्याउ, भेडाबाख्रा तथा जुमापालन पकेट क्षेत्र घोषणा गरि उत्पादन पहिचान गाउँ बनाइनेछ ।

7. किसानहरुको कामको बोझ घटाउन संघ ,प्रदेश र अन्य दातृ निकायसँग समन्वय गरी जोत्नलाई हाते ट्याक्टर, खलो चुट्नलाई थ्रेसर, ओखर- खमु-चुली फोड्ने तथा तेल पेल्ने मेसिन, सोलार ड्रायर, ऊन र कपास कात्ने चर्खा, आधुनिक घट्ट जस्ता उपकरण उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
8. एक घर एक फलफुल बगैचा बनाउने अभियान चलाइनेछ । यसका लागि सबैखाले वन तथा बाँझो जमीन उपयोगमा ल्याइनेछ ।
9. उत्पादित खाद्यान्नको ग्रेडिङ, लेवलिङ र बजारीकरणका लागि हरेक गाउँमा रहेका कृषि सहकारीलाई संकलन तथा विक्री केन्द्रको रुपमा विकास गरिनेछ
10. सामुहीक व्यवसाहीक कृषिको माध्यमबाट निर्यातमुलक उत्पादनम बृद्धी गरि स्वरोजगार श्रृजना गरिने छ ।
11. प्रत्येक वडाहरुमा ग्रामीण कृषी सडकहरुको निर्माण गरी कृषिका लागि आवश्यक पूर्वाधारहरुको विकास गरिने छ ।
12. परम्परागत मौलिक ज्ञानयुक्त कृषीबालीलाई आधुनिक प्रविधिको अनुसरण,सीचाइ सुविधाको वृद्धि, नयाँ र उन्नत बालीको अनुसन्धान तथा विकास गरीनेछ । ।
13. उन्नत जातका तरकारीको वीउ उत्पादन र त्यसको बजारीकरणको प्रयोगलाइ प्रोत्साहन गरिने छ भने फलफुलका विरुवाहरु वितरण गरिनेछ ।

14. कृषकहरुको उत्पादनले उचित मुल्य पाउनको लागि वजार व्यवस्थापन गरिने छ ।

15. नेपाल सरकारको प्रधानमन्त्री कृषी आधुनीकरण कार्यक्रमलाइ व्यवस्थित र परिमार्जित गर्दै लगिने छ ।

16. गाउँपालिका वासी किसानहरुलाइ कृषी कार्यमा प्रोत्साहन गर्नको लागि आवश्यक कार्यविधि निर्माण गरी किसानलाइ प्रोत्साहन भत्ता उपलब्ध गरिनेछ ।

17. पशुपालन ब्यवसायलाई पबर्द्धन गर्नका लागि उन्नत जातका पाठापाठी वितरण गरिनेछ भने पशु स्वास्थ्य शिविर लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।

18. पशुपक्षींमा लाग्ने रोगहरुको जानकारी गराइ खोप र उपचार प्रदान गरिने छ भने निशुल्क औषधी ,पशु बन्ध्याकरण सेवा र पशु बस्तुलाइ आवश्यक पौष्टिक तत्व पुर्तिका लागि विभन्न योजना र कार्यक्रम सञ्चालन गरिने छ ।

19. ग्रामीण क्षेत्रमा उत्पादित दुधलाइ शहरी क्षेत्रमा पुप्याइ दुग्ध व्यवसायीलाइ ग्रामीण क्षेत्रमा गरिवी निवारण गर्न प्रमुख आधारको रुपमा विकसित गर्दै लगिने छ ।

20. यस सर्केगाड गाउँपालिका क्षेत्र भित्र कृषकको लागि गाउँपालिका र कृषकको योगदानको आधारमा किसान कल्याण कोष स्थापना गरिने छ

*२) अर्थ,उद्योग र व्यापार नीतिः*

1. विभिन्न विषयगत क्षेत्रहरुका लागि आवश्यकताका आधारमा गाउँपालिकास्तर एकीकृत सीप विकास कार्यक्रम सञ्चालन गरिने छ ।
2. गाउँस्तरमा उत्पादीत वस्तुहरुको बजारीकरणको लागि गाउँपालिकामा एक कोशेली घर स्थापन गरिने छ ।

3. स्थानीय शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि पोत्साहन गर्ने नीति लिइने छ ।
4. साना मझौला तथा सेवामुलक उद्योगहरुको प्रश्रय तथा प्रोत्साहनको लागि गाउँपालिकाले लागत साझेदारीको नीतिको अवलब्वन गरिने छ ।
5. युवाहरुको नविन सोच तथा प्रविधि प्रतिको आकर्षणलाई ध्यानमा राखी सर्केगाड गाउँपालिकामा एक सर्केगाड हव को स्थापन गरिनेछ ।
6. घरेलु तथा साना उद्योग र परम्परागत उद्योगलाइ प्रोत्साहन गरिने छ ।
7. अर्थतन्त्रमा सरकारको नियन्त्रणात्मक भूमिकालाइ प्रतिस्थापन गरी प्रतिस्पर्धात्मक बातावरणको सिर्जना गरी नीजि क्षेत्रको नेतृत्वमा अर्थव्यवस्था सञ्चालन गर्नको लागि खुला उदारमुखी अर्थ नीति लागु गरिने छ ।
8. सर्केगाड गाउँपालिकमा उद्योग र व्यापार गर्नको लागि इच्छुक फर्म,सहकारी,कम्पनी ,उद्यमी व्यपारीहरुलाइ लगानीको लागि उचित वातावरण सिर्जना गरी उनीहरुको व्यवसायमा उचित कर छुटको निति लिइनेछ ।
9. निजि,सहकारी,सार्वजानिक क्षेत्रको सहभागी र विदेशी लगानीलाई प्रोत्साहन गरिने छ ।
10. सर्केगाड गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि स्वदेशी लागानीलाइ प्राथमिकता दिइनेछ ।

*३)सहकारी र पर्यटन*

1. पुजीँको अभावमा कृषि क्षेत्र मार्फत उद्यमशील हुन नसकेका युवाहरुलाइ स्थानीय कृषि सहकारी संस्थाहरुको पुजी परिचालन गरी

सहुलियत दरमा ऋण उपलब्ध गराउनको लागि गाउँपालिका जमानी वस्ने नीतिको अवलम्वन गरिने छ ।

2. न्युन पुजी भएका मानिसहरुको पुँजी संकलन,ग्रामीण पुजी परिचालन र स्वरोगार सिर्जनाको लागि सहकारी नितिको तर्जुमा गरिनेछ ।
3. गाउँपालिका क्षेत्रभित्र सहकारी संघ संस्थाहरुको स्थापनाको लागि आवश्यकता बाताबरणको सिर्जना गरिनेछ भने स्थापना भइसकेका सहकारी संघ संस्थाहरुको नियमनलाइ थप व्यवस्थित गरिनेछ ।
4. आर्थिक समृद्धिमा पर्यटन भन्ने मुल नारालाइ आत्मसाथ गरी पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको संरक्षण सम्वर्द्धन र विस्तारमा जोड दिने नीति लिइने छ ।
5. पर्यटकीय महत्वका मेथा, तल्छरी, पोग्री, थुम, शेरी भिट्टा, न्यारी, छिन्ट्या ढुङ्गा देवी, दुध्या दह, नाप्ल्या थाप्ल्या, देवी ज्वार्ना, उनापानी तातोपानी, मालिका, मुन्या लेख र पुरातात्विक महत्वका महादेउ,भवानी,मस्ठा हिल्सा, सर्की लगायत बाह्रै देउका मारुहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
6. पर्यटन पूर्बाधारहरुको विस्तार गरी पर्यटन प्रबर्द्धनका लागि सुविधा सम्पन्न होटल रिसोर्ट रेस्टूरेन्ट र सवारी साधनको विस्तार गरिनेछ।
7. आन्तरीक पर्यटन प्रवर्द्धन गर्न बिशेष कार्यमुलुक योजना बनाइ कार्यान्वयन गरिनेछ ।
8. सवै वडाभित्र पर्यापर्यटनमा चासो राख्ने घरदुरी छनौट गरी घरवास कार्यक्रम होम्स्टे (HOME SYAY) सन्चालन गरिनेछ ।

9. वडाका युवाहरुलाइ trekking guide सम्बन्धी तालिमको व्यस्था गरिनेछ ।
10. हरेक गाउँका नायक थारा र बाराको शिष्टाचार व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ ।
11. भुव्र्या लाग्नादेखि मारघोर,धौलापानी हुँदै पोग्रीसम्म कस्तुरी नावर पदमार्ग बनाइनेछ । यसका साथै राष्ट्रिय प्रकृति संरक्षण कोषसँग सहकार्य गरी यसै क्षेत्रमा कस्तुरी पालनबारे अध्ययन गरिनेछ ।
12. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न स्थानीय विद्यार्थीलाई पर्यटन तालिम प्रदान गरिनेछ ।
13. लेकबराइ भुव्रे मारगोर देवी पद मार्ग , उनापानी र रिपबाट मालिका हुँदै रानीसैन र सैपाल पदमार्ग निर्माण गरिनेछ ।
14. रादेउ र फुचाको महादेउसिग, छिन्ट्या ढुङ्गा र थुममा गरी त्रि-देवी गुम्बा निर्माण गरिनेछ ।
15. कल्लाँस र फुचादेखि पोग्री खर्क पुग्ने पदमार्ग निर्माण गरिनेछ ।
16. प्रदेशसँग समन्वय गरी जैरदेखि मेथासम्म पदमार्ग निर्माण गरिनेछ ।
17. बागदुला हुँदै तल्छरीसम्म पदमार्ग र छहरा दृश्यावलोकन गर्न प्रतिक्षालय निर्माण गरिनेछ ।
18. निजी क्षेत्रसँगको सहकार्यमा कर्णाली नदीमा पर्यटन प्रवर्द्धन गर्न जलयात्राका लागि रिपको ब्युबारादेखि सल्लीसल्ला हुँदै तुम्चसम्म RAFTING सञ्चालन गरिनेछ ।

*४) श्रम तथा रोजगार*

1. श्रम सम्बन्धका विषयमा खुल्ला उदार र बजारमुखी अवधारणाको अवलम्बन गरिनेछ ।
2. सवैले काम गर्ने अवस्था सुनिश्चित गर्दै सामाजिक आर्थिक शक्तिका रुपमा श्रमशक्तिलाइ दक्ष र व्यवसायिक बनाउने र गाउँपालिकामा नै रोजगारी अभिबृद्धि गर्ने ।
3. वेरोजगार युवाहरुलाइ रोजगारीको लागि तत्काल उपयुक्त नीतिको तर्जुमा गरिनेछ ।
4. पालिकाभित्र रहेका सबै वडाको बेरोजगार जनशक्तिको तथ्याङ्क अद्यावधी गरी उनीहरुको लागि स्व-रोजगारीको कार्यक्रम ल्याइनेछ ।

*५) गरिब, गरिबी निवारण र लघुउद्यम तथा उद्योग नीति*

1. गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरणको लागि संघिय सरकारसँगको साझेदारिमा सञ्चालन गरिनेछ ।
2. गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तरगत उद्यमीको स्तरउन्नती आधारमा पुनर्जाजगी,र एडभान्स विकास तालिम कार्यक्रम सञ्चलान गरिनेछ।
3. गरीवि निवारणका लागि गरिबसँग विश्वश्वर कार्यक्रमलाइ व्यवस्थित गरिनेछ ।
4. निजी क्षेत्रसँगको साझेदारीमा पालिकाको उपयुक्त ठाउँमा सम्भावित उद्योगहरु स्थापना गर्न पहल गरिनेछ ।
5. संघ र प्रदेशसँग समन्वय गरी सर्केगाड गाउँपालिकामा उपलब्ध हुने जडिबुटीको उत्पादन, संरक्षण र प्रशोधनका लागि जडिबुटी

सङ्कलन तथा प्रशोधन केन्द्र भदाल्या, रिपगाड र सर्केगाडमा निर्माण गरिने छ ।

6. संघ र प्रदेशसँग समन्वय गरी जडिबुटीजन्य, पानीजन्य र खानीजन्य उद्योगको संभाव्यता अध्ययन गरिनेछ ।
7. निजी क्षेत्रसँगको साझेदारीमा देवर मार्वल उद्योगका लागि वातावरणीय अध्ययन गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ।

ख) सामाजिक विकास

*१) स्वास्थ तथा आयुर्वेद*

1. पालिकाबासीलाई स्वस्थ नागरिक बनाउने अभियान सञ्चालन गरी सापेक्षित आयु वढाउने र सोका लागि आवश्यक स्वास्थ्य पूर्वाधार र जनशक्तिको व्यवस्था मिलाइने छ।
2. गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास गरी आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।
3. गाउँपालिका भित्रका सबै नागरिकको स्वास्थ्य विमा गर्ने व्यवस्था गरिने छ ।
4. गाउँपालिका भित्रका सबै नागरिकलाई पुरै स्वास्थ्य जाँच गर्ने गरी विभिन्न शिविरहरु सञ्चालन गरिनेछ ।
5. बहुक्षेत्रीय पोषणबाट सुत्केरी र बाल सुरक्षाका लागि सुत्केरी उपहार कार्यक्रम सञ्चालन गरिनेछ ।
6. सबै गाउँ स्वस्थ राख्न चर्पी र चुलो सफाइ सुधार अभियान सञ्चालन गरिनेछ । साथै सर्केगाड बजारमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

7. सबै वडाका बस्तीहरुमा एक घर-एक धारा निर्माण गरिनेछ । साथै सबै घरमा जुठेल्नो व्यवस्थापन गर्न लगाइने छ ।
8. मदिरा, सुर्तीजन्य पदार्थ, लागु औषध र पत्रु खानाको विक्री वितरणलाई नियन्त्रित गरिनेछ । सार्वजनिक स्थानमा सुल्पा तथा चुरोट खाना मनाही गर्ने र सोको लागि सेवन क्षेत्र तोकिनेछ ।

९.आधारभुत एवं गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिका वासीको पहुँचलाइ सुनिश्चित गर्नुका साथै राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हकलाइ सुनिश्चित गरिनेछ ।

१०.सर्केगाड गाउँपालिकामा निर्माणधिन रहेका १५ शैया अस्पताललाइ छिटै निर्माण सम्पन्न गरी सुचारु गरिनेछ।

११.पालिका स्तरीय एक स्वास्थ्य प्रयोगशालाको स्थापना गरिनेछ ।

१२.प्रत्येक वडामा क्रमश स्वास्थ्य पूर्वाधार विकास गर्दै लगिने छ ।

१३.समुदायीक स्वास्थ्य इकाइ केन्द्रलाइ भौतिक पूर्वाधार सम्पन्न बनाइनेछ ।

१४.महिला तथा बालबालिका ,गरीव ,सिमान्तकृत तथा सेवा उपभोगको दृष्टिले पछि परेका नागरिकको पहिचान गरी आधारभुत स्वास्थ्य सेवाको विकास गरी उपभोग गर्दा आइपर्ने सामाजिक,साँस्कृतिक ,भौगोलिक तथा आर्थिक कठिनाइहरुलाई कम गरी सम्पूर्ण पालिकावासीहरुमा सेवाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

१५.स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी

गराउन आउने आमाहरुलाइ थप प्रोत्साहन वापत यातायात भत्ताको व्यवस्था गरिनेछ ।

१६.यस गाउँपालिका भित्र रहेका जेष्ठ नागरिक घरदैलो उपचार अभियान कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१७.गाउँपालिकामा लागु भएको नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रममा सबै जनताको पहुच हुने वातावरणको सिर्जना गरिनेछ ।

१८.गाउँपालिका वासी को स्वास्थ्य सुरक्षासँग प्रत्येक्षरुपमा सरोकार राख्ने दैनिक उपभोग्य बस्तुहरुको गाउँपालिका भित्र आपूर्ति विक्रि वितरण तथा गुणस्तरको उचित नियन्त्रण तथा अनुगमनको व्यस्वस्था मिलाइनेछ ।

१९.गाउँपालिकावासी हरुको स्वास्थ्य अवस्थालाइ ध्यानमा राखी चौमासिक रुपमा स्वास्थ्य शिविर सन्चालन गरिनेछ ।

१९) खाद्य बालीमा लाग्ने ढुसी रोगको अध्ययनको लागि थप पहल गरिनेछ।

२०.आयुर्वेद सेवा प्रति मानिसको आकर्षक बढाउन सचेतनामुलक कार्यक्रमलाइ निरन्तरता गरिनेछ ।

*२) शिक्षा नीतिः*

1. आधारभुत तहको शिक्षालाइ सुदृढीकरण गर्दै कक्षा १२ सम्मको निशुल्क शिक्षामा सम्पूर्ण बालबालिकाहरुको पहुँच सुनिश्चितालाइ निरन्तरता दिइनेछ ।
2. शिक्षा भविष्य सँग जोडिएको विषय भएकाले सर्केगाड गाउँपालिकाको शैक्षिक जनशक्तिको प्रक्षेपण गरी गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइने छ ।

३.शतप्रतिशत विद्यार्थी विद्यालय भर्ना अभियान सफल बनाउन विद्यालय दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४.गुणस्तरीय पठन पाठनका लागि विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी मिलान गरिनेछ र अपुग जनशक्ति पुर्ति गर्न कर्णाली स्वयम सेवक कार्यक्रमबाट पुर्ति गर्न पहल गरिनेछ ।

५.नमुना विद्यालयका रुपमा हिमज्योति मावि सर्केगाडको स्तरोन्नति गरि नेछ भने प्राविधिक शीक्षा संकाय अन्तर्गत भेटरीनरी कृषी विधालाइ व्यवस्थित गर्दै लगिनेछ ।

६.कर्णाली प्रदेश सरकारबाट हिमाली आवासीय विद्यालयको रुपमा सिमालीमा निर्माणाधिन कोट मावि रोडिकोटको काम सम्पन्न गरी पठनपाठन शुरु गरिनेछ ।

७.आवश्यकताको आधारमा पालिका भित्रका सम्पुर्ण विद्यालयहरुको जिर्णोद्धार भवन पुर्ननिर्माण गरिनेछ ।

८.सबै विद्यालयलाई डिजिटल पढाइ शुरु गर्न वाईफाइको व्यवस्था गरिनेछ ।

९.शैक्षिक सुधार कार्ययोजना निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रम तय गर्न शिक्षाविदहरु सम्मिलित पाठ्यक्रम विकास समिति गठन गरिनेछ ।

१०.प्राविधिक दक्ष जनशक्ति निर्माणका लागि (चिकित्सा, इन्जिनियरिङ्ग, कृषि, भेटनरी, सूचना प्रविधि, वन र पर्यटन)

विषयमा पढ्ने स्नातक विद्यार्थीलाई प्रदेश सरकारसँगको समन्वयमा छात्रवृति उपलब्ध गरिनेछ ।

११.हरेक विद्यालयमा पुस्तकालयको व्यवस्था गरिनेछ ।

१२.चारै वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गर्नुका साथै विज्ञान शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ।

- १३ .नेपाल सरकारसँग समन्वय गरी सर्केगाड गाउँपालिकालाइ पूर्ण साक्षरता गाउँपालिका बनाउन पहल गरिनेछ ।

१४.प्रारम्भिक बालविकास कक्षा नै बालविकासको शिक्षा विकासको जग हो भन्नेमुलमन्त्रलाइ मनन गर्दै प्रारम्भिक बालबिकास कक्षाहरुलाइ समय सापेक्ष श्रोत साधनयुक्त बनाउँदै लगिनेछ।न्युनतम पारिश्रमीक पाउनबाट बन्चित प्रारम्भिक बालविकास सहजकर्ताहरु तथा कर्मचारीहरुलाइ समेत प्रोत्साहित गरिने नीति अवलम्वन गरिनेछ ।

१५.सर्केगाड गाउँपालिकाको बहुमुखि क्याम्पसको भौतिक पूर्वाधार ,स्तरउन्नति र विकासमा पहल गरिनेछ ।

१६.गाउँपालिका भित्रका आमावावु नभएका अनाथ र फरक तरिकाले सक्षम (अपांगता) विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहायताको व्यवस्था गरिनेछ ।

१७.सवै सामुदायीक विद्यालयमा प्रविधिमैत्री,अपाङ्गमैत्री,बालमैत्री किशोरमैत्री , शिक्षा प्रदानको लागि उचित व्यस्था गरिनेछ ।

१८.हामी सवैको ईच्छा सवैलाइ निशुल्क शिक्षा कार्यक्रम लागु गरिनेछ ।

१९.विद्याय शिक्षामा नेपाल भाषाको स्थानीय पाठ्यक्रम बनाइ लागु गरिने छ ।यसरी निर्माण गर्ने पाठ्यक्रममा गाउँपालिकाको भाषा

रहनसहन संस्कृती र सम्पदा लगायत नैतिक शिक्षालाइ समेत समेटीने छ ।

२०.पालिकाको समृद्धि र विकासका लागि परियोजना बैंक निर्माण गरिनेछ ।

२१.गाउँपालिकाको शिक्षालाइ व्यवस्थित गर्नको लागि गाउँपालिकाले स्थानीय  शिक्षा नियमावली बनाइ लागु गरिनेछ ।

२२. तत्काल दश वर्षे गाउँपालिकाको शिक्षा योजना निर्माण गरी सो अनुरुपको व्यवस्था गरिनेछ ।

२३.उच्च शिक्षा अध्ययनमा गरिब तथा जेहेन्दार विधार्थीहरुलाइ छात्रबृद्धी प्रदान गरिनेछ ।

२४. राष्ट्रीय मापदण्ड बमोजिमको सिकाइ उपलब्धी पुर्ण गर्ने विद्यालयलाइ मुल्याङकनका आधारमा प्रोत्साहीत गर्ने व्यवस्था मिलाइनेछ ।

*३) यूवा तथा खेलकुद*

1. गाउँपालिकामा स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद अन्तर्गत गाँउपालिकामा एक अध्यक्ष कप सन्चलान गरिनेछ।
2. गउँपालिकामा स्तरमा एक सुविधा सम्पन्न  खेलकुद मैदान निर्माण गरिनेछ ।
3. खेलकुद विकासका लागि सम्बन्धित संघसस्थाहरुसँग सहकार्य गरिनेछ ।
4. युवाहरुलाइ गाउँमै रोजगारी सृजना गर्ने विकास आयोजनाहरुमा श्रम प्रविधिलाइ महत्व दिइने छ । साथै व्यवसायीक रुपमा कृषि पेशामा लागेका युवाहरुलाइ प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

४) रितीरीवाज तथा साँस्कृतिक नीति

5. यस गाउँपालिका भित्र पर्ने परम्परागत लोक सँस्कृति रितिरिवाजको संरक्षण गर्ने निती लिइनेछ।
6. जैरको दशहरा, रिप-उनापानीको भूवो, साउनपुनी र माघे संक्रान्ती, गोठीको गौरा पर्व, पञ्चमी, साँयाको गौरा, माघी र भूवो, छ्यागीको गौरा, बराइको भूवो, नाम्ल्या थाप्ल्या  माघिसङक्राति पञ्चमी, रोडिकोटको गौरा र साउनपुनी, रादेउ-फुचाको भूवो, सानपुनी, पञ्चमी मेला, माघे संक्रान्ती, साउने संक्रान्ती, दशै, भैलोजस्ता चाडपर्वलाई संरक्षण र व्यवस्थापन गरिनेछ।
7. साउन पूर्णिमा र भूवोलाई सर्केगाड गाउँपालिकाले विशेष चाडको मान्यता दिनेछ ।यस्तै ठकुरी समुदायको गौरा, क्षेत्री समुदायको दशहरा, थपाल्या व्यासी समुदायको हरेलो र चोख्या तथा दलित समुदायका लागि विश्वकर्मा दिवशका रुपमा विश्वकर्मा पुजाको दिनलाई समुदायगत चाडको रुपमा मान्यता दिइनेछ ।
8. स्थानीय बाजागाजाको संरक्षण र उनीहरुको पारिश्रमिक निर्धारण गरिनेछ
9. सर्केगाड दोभान, साक्खानी लगायत आवश्यक स्थानमा मसानघाट व्यवस्थापन गरिनेछ ।
10. स्थानीय खानपानलाई व्यवस्थापन गर्न सन्तुलित आहार व्यहार सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
11. समुदायगत पहिचान र संस्कृतिको संरक्षणका लागि रादेउ, फुचा, बराइ, भुवा कल्लास र कुती गाउँलाई थपाल्या व्यासी संरक्षण वडा तथा गाउँ घोषणा गरिनेछ ।
12. सबै गाउँको भाषा, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र जगर्ना गरिनेछ ।

13. स्थानीय युवाहरुसँग सहकार्य गरी लोकप्रिय देउडा खेललाई अनुशासित, मर्यादित र व्यवस्थित गर्न हरेक गाउँको उपयुक्त ठाउँमा देउडा खेल्ने चौक्या थलो बनाइने छ ।

## ग) पूर्वाधार विकास

*१) भवन निर्माण नीति*

1. गाउँपालिकामा नक्सा पास गराइ भवन निर्माण गर्ने कार्यलाइ आवश्यक निति वनाइ कार्यान्वयन गर्दै लगिने छ ।
2. पालिकाको हरेक विकास योजनाहरु मानव विकासमा आधारित हुनेछ । कुनै पनि आयोजना मानव श्रमबाट गरिनेछ । तर आयोजनाले आवश्यकता पुष्टि गरेको आधारमा मेसिनरी औजार प्रयोग गर्ने नीति अख्तियार गरिनेछ।
3. योजना तर्जुमा गर्दा अध्ययन भएका आयोजना र विषयगत समितिले समुदाय स्तरमा पुगेर ल्याएको आयोजनालाई प्राथमिकताका आधारमा अगाडि बढाइनेछ ।
4. सर्केगाड गाउँपालिका नमुना गाउँपालिका बनाउन विज्ञ सेवा लिएर पालिका पाश्वचित्र, प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य प्रतिवेदन र त्रि-वर्षीय योजनाको रुपमा प्रस्तुत गरिने मध्यमकालीन खर्च संरचना निर्माण गरिनेछ ।
5. नागरीक सुरक्षित आवास कार्यक्रमलाइ व्यवस्थित गर्दै लगिने छ ।
6. सवै वडा कार्यलयमा स्वास्थ्य संस्थाहरुका आफ्नै भवन निर्माणलाइ प्राथमिकता दिइनेछ ।
7. नमुना वस्तीहरु गाउँस्तरका नमुना सहरहरु निर्माण गरी व्यवस्थित गरिने छ ।

*२) सिचाइँ नीति*

१. सिचाइ क्षेत्रका साना मझौला र बृहत सिचाँइ योजनाहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने निति लिइने छ।

२. उपयुक्त स्थानमा आकाशे पानी संकलन गरि पोखरी निर्माण गरिनेछ ।

३.सिमेन्ट पोखरी ,थोपा सिचाइ जस्ता प्रविधिको प्रयोग गरी उच्च स्थानमा समेत कृषि उत्पादनमा जोड दिइनेछ ।

४. कृषि उत्पादन बढाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी सिचाँइ, मल र विउ तथा कृषि औजारमा सहयोग गरिनेछ ।

५. प्रदेश सरकारसँग समन्वय गरी तुम्च जिउला ,दुल्ली,मुन्डी,गैरी साया र रीपमा लिफ्ट सिँचाइको व्यवस्था मिलाइने छ ।

६. रोडिकोटको शेरा जिउला सिँचाइको लागि पहल गरिनेछ ।

७. बराइदेखि साँयासम्मको पाखो जिउलो सिँचाइका लागि तल्छरीदेखि बराइसम्म लिफ्ट सिँचाइका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

८. प्रदेश सरकारसँग समन्वय गरी कुती र कल्लाँसदेखि गोठी जिउलासम्मको पाखो जिउलो सिँचाइका लागि पहल गरिनेछ ।

९. जैर र नात्ताको पाखो जिउलो सिँचाइको लागि सम्भाव्ता अध्ययन गरिनेछ ।

१०. पारी फुचा, छ्यागी, रिप र उनापानी सिँचाइका कार्यक्रमलाई अगाडि बढाइने छ ।

*३) सडक नीति*

1. गाउँपालिका अन्तर्गत संचालन हुने ठुला आयोजनाहरु सन्चालन विस्तृत परीयोजना प्रतिवेदन तयार गरी सोही आधारमा संचालन गरिनेछ ।
2. सर्केगाड पालिकाको गौरवका आयोजनाको रुपमा रहेका वाचचौर दखि विउवारा ग्रामीण सडक ,सर्केगाड देखि गैरीसाया डाडासाया हुदै वराइ सडक,जैरको भुम्मदेखि जैरगाउँ सम्म ग्रामीण सडक,भदाली देखि कुती भुवा कल्लास सम्म ग्रामीण सडकहरुलाइ सर्केगाड गाउँपालिकाको बजेटद्धारा निर्माण गरिनेछ । अन्य सडक जस्तै सर्केगाड-मारघोर-खार्पुनाथ-सिमकोट सडक¸ पालिका महत्वको आयोजनाको रुपमा रिप-उनापानी-गुसा-जैर सडक¸ खच्चा-नाउली-जैर सडक, सर्केगाड-गैरी साँया हुँदै डाँडा साँया-बराइ-माथिल्लो छ्यागी-घिउसी सडक, ह्याप्स्या-फुचा-पङ्खा सडक, गोप्का-भुव्र्या-रादेउ सडक, लिप्न्यादेखि रिप मुल हुँदै भुगाडे सडक¸ सल्ला देखि विउवारा सम्मा पाखे सडक,बाख्रे वारा देखि जैर सडक,वाउढुङ्गा देखि खाडालेख सडक , वराइ देखि रोडिकोट सडक,मुण्डी देखि पानी नाउला हुदै गुसाँ सडक, झापुकुना देखि दुल्ली कुना सम्मा डबल ट्रायक सडक ,भदालीदेखि गोठी हुँदै रोडिकोट सडक,भदाली- कुती-भुवा कल्लास सडकहरु यस गाउँपालिकाको विशेष पहिचानको आयोजनाको रुपमा प्रदेश,संघ अन्य विकासको साझेदार हस्तीहरुसँग समन्वय गरी निर्माण गरिनेछ ।
3. ठुला आयोजनाहरु संचालनको लागि संघ र प्रदेश सरकार सँग समन्वय सहअस्तित्व र सहकारीलाको सिद्धान्तलाइ पूर्ण परीपालन गर्ने निति लिइनेछ ।

4. संघ र प्रदेशसँग समन्वय गरी सर्केगाड, लिभ्न्या सडक पुल निर्माण गरिनेछ ।यस्तै सुकचारा जाने बाटोमा पर्ने गलखोलामा झोलुङ्गे पुल ,खगाड खोला,नुन्यापानी खोलामा र गोठीसाधुमा पुलहरु निर्माणका लागि पहल गरिनेछ ।
5. सर्केगाड गाउँपालिकामा गाउँपालिकाको पञ्चवर्षिय योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
6. गाउँपालिकाका प्रत्येक वडाहरुमा ५ वर्ष भित्रमा नै ग्रामीण सडक पुप्याइनेछ र गाउँपालिका स्तरमा एक रिङ रोडको स्थापन गरिनेछ ।

*४) उर्जा तथा सन्चार नीति*

1. गाउँपालिका कार्यालय  वडा कार्यालयहरु सवै सामुदायीक विद्यालयमा इन्टरनेटको पहुँचलाइ व्यवस्थित गरिननेछ ।
2. व्यक्तिगत घटनादर्ता लगाएतका कार्यलाइ अनलाइन मार्फत गर्ने व्यवस्था गरिनेछ ।
3. पालिकाको सबै गाउँमा विद्युतीकरण गरी सर्केगाड उज्यालो कार्यक्रम सञ्चालन गरिनेछ । संघ र प्रदेशमा समन्वय गरी पालिकाभित्र उत्पादित विद्युतको खपद क्षमता बढाउन उद्योगी र व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।
4. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी सर्केगाड बजार क्षेत्रको चोक चोकमा शोलार वत्तीको व्यवस्था गरिनेछ ।
5. थोरै घरदुरी भएका र विद्युतको लाइन पुप्याउन नसकिने ठाउँहरुमा बैकल्पिक उर्जा जडान गरिनेछ ।बजार क्षेत्रमा सडक वत्तिको व्यवस्था गरिनेछ ।

6. गाउँपालिका भित्र रहेका ठुला खोला नालाहरुबाट जल विद्युल उत्पादन गर्ने कार्यालाइ प्राथमिकता दिइनेछ ।
7. गाउँपालिका क्षेत्र भित्र विद्युत आपुर्तिलाइ नियमित र व्यवस्थित गर्न सम्वन्धि निकायसँग समन्वय गरी आवश्यक कार्य अघि बढाइनेछ ।
8. सबैसँग सबैको पहुँच स्थापित गर्न छ्यागीको बयाना, रिप र उनापानीको लेक, जैरमा फोरजी (4G)टावर स्थापना गरी सूचना तथा सञ्चारको व्यवस्था गरिनेछ ।
9. पालिकाको सूचना तथा सञ्चारका लागि एफएम रेडियो सञ्चालन गरिनेछ ।
10. तलछडी जलविधुत आयोजनाको दिगोपनाका लागि आवश्यक नीति अबलम्वन गरिनेछ ।
11. पंखा कोसेली जलविद्युत मर्मत सम्भार गरिनेछ ।

*५) खानेपानी नीति*

1. अगामी एक वर्ष भित्र गाउँपालिकाका प्रत्येक घरमा खानेपानीको पहुँच सुनिश्चित गर्न एक घर एक धाराको निति अवलम्वन गरिनेछ ।
2. गाउँपालिका वासीलाइ स्वच्छ तथा शुद्ध खानेपानीको पहुँलाइ अगाडि बढाइनेछ ।

**घ) बन वाताबरण तथा विपद् व्यस्थापन**

1. वन तथा वातावरण जोगाउनको लागि सर्केगाड गाउँपालिका भित्र रहेका समुदायिक वन ,निजी वन , सहकारी वनको स्थापना तथा नियमन कार्यलाइ व्यवस्थित गरिनेछ ।

2. यस पालिकामा पाइने बहुमुल्य जडिबुटी संकलन र उपयुक्त स्थानमा प्रशोधन केन्द्रहरु स्थापना गरिने छ ।

3. स्याउ, ओखर, खमु, चुली, ढंटेलो, लौठका साथै देवदार, बुद्धचित्त, रुद्राक्ष, केशर, अलैचीको नर्सरी तथा खेतीका लागि प्रोत्साहन गरिने छ ।

4. पशुबस्तु र जङ्गली जनावरका कारण बालीनाली, फलफूल र वन जोगाउन स्थानीय नोरालाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

5. जलवायु परिवर्तनको असर न्युनीकरण गर्न, भू-क्षय रोक्न, पर्यावरणीय विकास गर्न र आर्थिक समुन्नतिका लागि एक घर १० विरुवा रोप्ने अभियान सञ्चालन गरिनेछ ।

6. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजानिक जग्जाको पहिचाना गरी सो क्षेत्रको संरक्षण,सम्वर्द्धन तथा पर्यावरणीय संन्तुलन कायम गर्न सामुदायीक वन व्यवस्थापन गरी हरीयाली सर्केगाड गाउँपालिकाको अवधारणलाइ लागु गरिनेछ ।

7. एक व्यक्ति एक विरुवा कार्यक्रम सन्चालन गरी गाउँपालिकालाइ हरीयाली वनाउने कार्यलाइ बढवा दिइनेछ ।

8. विपद जोखिम न्यूनीकरण योजना तयार गरी लागु गरिने छ भने विपद जोखिम सम्बन्धमा नागरिकलाइ सुसुचित गर्ने कार्यक्रम संन्चलान गरिने छ ।

9. सर्केगाड गाउँपालिकामा एक विपद व्यवस्थापन कोषको स्थापन गरिनेछ ।विपद् व्यवस्थापन कोषमा इच्छुक सर्वसाधारणको समेत योगदानको लागि आह्वान गरिनेछ ।

10. प्राकृतिक विपद र उद्दारका लागि छ्यागी, कल्लाँस, रादेउ र तुम्चमा हेलिप्याड निर्माण गरिनेछ ।

11. सबै खाले विपद व्यवस्थापनका लागि प्रत्येक वडामा विपद कोष स्थापना गरिनेछ । साथै प्रत्येक गाउँमा राहत र उद्दारका लागि आवश्यक सामाग्रीका साथ तालिम दिइएका स्वयंम सेवकहरु परिचालन गरिनेछ ।

ङ) शुशासन तथा संस्थागत विकास

1. गाउँपालिका तथा वडा संचालन र व्यस्थापनको लागि आवश्यक पर्ने जनशक्ति पहिचान सहित संगठनात्मक संरचना तयार गरी कार्यान्वयन गरिनेछ ।प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकामा आवश्यक पर्ने स्थायी जननशक्तिको व्यवस्थापन गरिनेछ ।
2. गाउँपालिकाको आफ्नै पाश्वचित्र निर्माण गरिनेछ । तथ्याङहरुलाइ अद्यवधिक गर्दै लगिनेछ ।
3. कानुनको शासन र पारदर्शितालाइ मध्यनजर गर्दै सवै कर्मचारीहरु, जनप्रतिनिधिलइ आफ्नो काम र जिम्मेवारीप्रति जवाफदेही र जनमुखी बनाइनेछ ।
4. गाउँपालिका मार्फत प्रवाह गरिने सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइनुका साथै भ्रष्टचारको शुन्य सहनशीलताको नीति अवलम्वन गरी शुसासनको प्रत्याभुती गरिनेछ ।
5. गाउँपालिकाको सेवा प्रवाहलाइ प्रभावकारी रुपमा वितरण गर्नको लागि असल शासन कुशल प्रशासनको नितिलाइ कार्यान्वयन गरिनेछ ।
6. सार्वजानिक सेवा प्रबाहलाइ जनताको वरीपरी सेवा प्रदान गर्नको लागि घुम्ति सेवा जस्ता कार्याक्रम लागु गरिनेछ ।
7. गाउँपालिका भित्र रहेका सवै कार्यालयबाट जनतालाइ मुस्कान सहितको सेवा प्रबाह गरिनेछ

8. कार्यपालिकाबाट पास भएका आयोजनालाई वडा कार्यालयको रोहवरमा स्थानीय सरोकारवाला र सम्पूर्ण गाउँ समाजले अनुमोदन गरेअनुसार उपभोक्ता समिति बनाउने, उपभोक्ता समितिमा कुनै पनि व्यक्तिलाई एकभन्दा बढी समितिमा बस्न नदिने नीति अख्तियार गरिएको छ ।
9. पालिकाको समृद्धि र विकासका लागि परियोजना बैंक निर्माण गरिनेछ ।
10. स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधि र सेवा प्रवाह सम्बन्धी तालीमको व्यवस्था गरिनेछ ।
11. सर्केगाड गाउँपालिकाका लागि आवश्यक ऐन, नियम, कानुन, कार्यविधि, मापदण्ड, निर्देशिका तयार गरी लागु गरिनेछ ।
12. न्यायिक समितिको कार्य सम्पादनका लागि आवश्यक जनशक्ति तथा भौतिक पूर्वाधार निर्माण गरिनेछ ।
13. सबै कार्यालय प्रमुखसँग कार्य सम्पादन करार गरि कार्यतालिका अनुसार काममा प्रभावकारी र नतिजामुखी बनाइने छ ।
14. वडामा वडा पहिचानका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
15. पालिकामा रहेका सबै आयोजनाको चौमासिक समिक्षा र आवश्यक निर्देशन तथा प्रतिवेदन दिने व्यवस्था मिलाइनेछ ।
16. संघ र प्रदेशका आयोजनाका साथै पालिकाबाट सञ्चालित आयोजनाको वार्षिक अनुगमन तथा सार्वजनिक मुल्याङ्कन गर्ने पद्धति बसालिनेछ ।
17. सर्केगाडको शान्ति सुरक्षाको लागि गाउँ प्रहरीको व्यवस्था मिलाइनेछ

18. जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता नियमित रुपमा बैंकबाट उपलब्ध गराइने छ ।

19. पालिकाभित्र रहेका उत्पीडित दलित समुदायका लागि दलित सशक्तिकरण गर्नुका साथै आय आर्जन तथा जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

20. संघ र प्रदेशसँग समन्वय गरी द्धन्दपिडीत ,विस्तापित,शहीद र वेपत्ता नागरिकका परिवार, एवं घाइते अपाङ्ग नागरिकलाई राहत तथा जिविकोपार्जन भत्ता उपलब्ध गराइनेछ । साथै उनीहरुको सन्तानहरुलाई विभिन्न अवसरमा प्राथमिकता दिइनेछ ।

21. विभिन्न विकास साझेदार, गैरसरकारी संघ संस्थासँग पालिकाको प्राथमिकताको क्षेत्रमा नतिजामुखी विकासका लागि सहकार्य गर्ने नीति लिइनेछ ।

च) राष्ट्रसेवक कर्मचारी

1. गाउँपालिकामा कार्यरत सबै कर्मचारुहरुलाइ समयाकुल तालिमको व्यस्व्था गरी पोत्साहनको व्यस्व्था गरिनेछ ।
2. कर्मचारीहरुलाइ उचित तलब तथा भत्ताको व्यवस्था गरिनेछ ।

गाउँसभाका सदस्य ज्यू ,

सर्केगाड गाउँपालिकालाइ वर्तमान विषम् परिस्थितिसँग जुध्दै ऐतिहासिक ,साँस्कृतिक, समुन्नत, बिरासतलाइ इतिहासको बर्तमान र भविष्यसँग जोड्दै समृद्धितर्फ लैजाने जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने ,स्थानीय सरकार र स्थानीयवासी विचको समधुर सम्बन्ध कायम गर्ने ,आधुनिक

प्रबिधि र मौलिक पहिचानको सम्मिश्रणबाट सर्केगाड गाँउपालिकालाइ सफा ,सुन्दर ,हरीयाली,स्वस्थ ,सुरक्षित साँस्कृतिक र जीवन्त गाउँपालिका बनाउने सन्दर्भमा हाम्रा प्रयन्त अविचलित रहनेछन् ।यस अवसरलाइ सदुपयोग गरी स्वच्छ ,निष्पक्ष ,न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ ।

संविधानले तथा स्थानीय कानुनले  निर्दिष्ट गरे अनुरुपका कार्य गर्नु हाम्रो दायित्व हो । सम्पूर्ण सर्केगाड गाउँपालिकावासीलाइ सुशासनको प्रत्याभूति गराउने विकास र समृद्धिको लागि योजनाबद्ध ढंगले अगाडि बढी नमुना र समृद्ध सर्केगाड गाउँपालिका बनाउन हामी  दृढ अठोट गर्दछौ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तयारि गर्ने क्रममा सहयोग,सल्लाह र सुझाब दिइ योगदान गर्नुहुने  गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू ,कर्णाली प्रदेश योजना आयोगका पुर्व सदस्य ज्यू,सम्पूण वडा अध्यक्षज्यू, ,राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी ,निजी ,सहकारी क्षेत्र र सामुदायिक क्षेत्र श्रमिक वर्ग,नागरिक समाज ,विकास साझेदार ,संचारकर्मी ,पत्राकारज्यू लगायत सम्पूर्णा गाउँपालिका निवासी आमा वुवा, दिदिबहिना दाजुभाइ सवैलाइ हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

यस गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयनको लागि हार्दिक अपिल गर्दछु धन्यवाद ।

**ठान बहादुर रोकाया**

**अध्यक्ष, सर्केगाड गाउँपालिका**

**सर्केगाड हुम्ला ।**